# सिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावर बिक्रीको सूचना

## दोश्रो पटक सूचना प्रकाशित मिति २०८२/०८/०६

डिभिजन वन कार्यालय बाँकेको च.न ६६९ मिति: २०८२/०६/०५ गतेको मान्य लिलाम सहमति बमोजिम यस समूहको मिति २०८२/०६/२२ गतेको पहिलो पटक प्रकाशित सूचना अनुसार समूहभको घाटगद्दी मा रहेका साल, असना, जामुन, कर्मा, कुम्भि, धौटी, कुसुम, दबदबे, तेन्दु जातका कुल जम्मा गोलिया थान ६५७ को ४७६९.४५ क्यूफिट काठ तथा साल जातको ५ चट्टा दाउरा विविध कारणवश लिलाम हुन नसकी बाँकी रहेकोले उल्लेखित परिमाणको काठ दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले दोश्रो पटक यो सूचना प्रकाशित गरिएको हो । इच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सूचीकृत भएका सर्समिल वा कम्पनीले यो दोश्रो पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी १६ औं दिनको दिउसो १२:३० बजे भित्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिकमा टाँस गरिएको छ ।

**श्री त्रिशक्ति सामुदायिक वन उपभोक्ता समूह ।**

**राप्तीसोनारी-०८, बाँके**

त्रिशक्ति सामुदायिक वन उपभोक्ता समूह
राप्ती सोनारी-८, बाँके